# गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
२०६७

## भाग १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ
२. परिभाषा
३. अनुदानको उद्देश्य
४. कार्यविधिको उद्देश्य
५. कार्यविधिको कार्यक्षेत्र

## भाग २
## अनुदानको किसिम र बाँडफाँडको आधार

६. अनुदानका किसिम
७. पूँजिगत अनुदान बाँडफाँडको आधार

## भाग ३
## रकम विनियोजनका क्षेत्रहरु

८. चालू खर्च अनुदान
९. क्षमता विकास अनुदान
१०. सामाजिक परिचालन अनुदान
११. पूँजिगत अनुदान
१२. गाउँ विकास कोषको पूँजिगत रकमबाट लगानी निषेध गरिएका विषयहरु
१३. समपूरक कोष सम्बन्धी व्यवस्था
१४. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था

## भाग ४
## योजना तर्जुमा एवं आयोजना छनौट

१५. एकीकृत योजना तर्जुमा समिति
१६. कार्यक्रम/आयोजनाको प्राथमिकताक्रम निर्धारण
१७. योजना तर्जुमा
१८. अन्तर निकाय समन्वय
१९. संभाव्यता अध्ययन

## भाग ५
## कार्यक्रम/आयोजना सञ्चालन एवं व्यवस्थापन

२०. कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया
२१. उपभोक्ता समिति सम्बन्धी व्यवस्था
२२. ठेक्कापट्टाबाट काम गराउन सकिने
२३. सडक निर्माण सम्बन्धी विशेष व्यवस्था
२४. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था
२५. मर्मत संभार सम्बन्धी व्यवस्था
२६. कार्यक्रम/आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका
२७. कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुपर्ने
२८. जनसहभागिता एवं लागत सहभागिता

## भाग ६
## अनुगमन एवं मूल्याङ्कन

२९. सुपरिवेक्षण तथा अनुगमन समिति
३०. आयोजना जाँचपास, फरफारक र हस्तान्तरण सम्बन्धी व्यवस्था
३१. प्रगति प्रतिवेदन एवं समीक्षा सम्बन्धी व्यवस्था
३२. न्यूनतम शर्त मापन मूल्याङ्कन
३३. मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था

भाग ७
बजेट अख्तियारी र निकासा

३४. अख्तियारी सम्बन्धी व्यवस्था
३५. रकम निकासा प्रक्रिया

भाग ८
कोष व्यवस्थापन

३६. गाउँ विकास कोष
३७. कोष सञ्चालन र व्यवस्थापन
३८. रकम फ्रिज सम्बन्धी व्यवस्था

भाग ९
लेखा र लेखापरीक्षण

३९. लेखा व्यवस्थापन
४०. लेखापरीक्षण

भाग १०
सुशासन सम्बन्धी थप व्यवस्था

४१. उत्तरदायित्व सम्बन्धी व्यवस्था
४२. पारदर्शिता सम्बन्धी व्यवस्था
४३. वित्तीय सुशासन जोखिम (फिडिसुयरी रिक्स) न्यूनीकरण सम्बन्धी व्यवस्था
४४. राजनीतिक दलको जिम्मेवारी तथा उत्तरदायीत्व सम्बन्धी व्यवस्था
४५. पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने

भाग ११
कर्मचारी सम्बन्धी व्यवस्था

४६. प्रशासनिक कर्मचारी सम्बन्धी व्यवस्था
४७. प्राविधिक कर्मचारी सम्बन्धी व्यवस्था
४८. कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

भाग १२
विविध

४९. जिल्ला विकास समितिको भूमिका
५०. आयोजना कार्यान्वयन सम्बन्धी थप व्यवस्था
५१. अभिमुखीकरण सम्बन्धी व्यवस्था
५२. राजश्व अभिवृद्धि सम्बन्धी सचेतना
५२. थपघट र हेरफेर
५३. खारेजी र बचाउ

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।९।११ को वैठकबाट स्वीकृत

# गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७

परिचय :

नेपाल सरकारबाट, जिल्ला विकास समिति र नगरपालिकाबाट गाउँ विकास समितिलाई प्राप्त हुने सबै प्रकारका अनुदान, कार्यक्रम/आयोजना बजेट, गाउँ विकास समितिको स्वआर्जन, विकास साझेदार र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबै वर्ग र क्षेत्रमा विशेष गरी गरीब, महिला, बालबालिका, सामाजिक एवं आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी स्रोत-साधनको अधिकतम परिचालन गर्दै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवं त्यस्तो सेवा सुविधालाई मितव्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी, न्यायोचित, दिगो र गुणस्तरयुक्त गराउदैं गरीबी न्यूनीकरण र दिगो विकासका लागि स्रोत र साधनलाई व्यवस्थित गरी सञ्चालन गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३४ र २३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट "गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७" जारी गरी लागू गरिएको छ।

## भाग १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्छ।

(ख) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्छ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ।

(ङ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालयका जिल्लास्थित कार्यालयहरु र अन्तर्गतका गाउँ विकास समिति क्षेत्रमा रहेका सेवा केन्द्र, उप-सेवा केन्द्र, स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकी समेत सम्झनुपर्छ।

(च) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ।

(छ) "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६३ मा उल्लेख भए अनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनुपर्छ।

(ज) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) र सार्वजनिक परीक्षण कार्यविधि, २०६३ बमोजिम विकास कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखा सम्झनुपर्छ।

(झ) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेट समेतको विश्लेषण गर्ने कार्य सम्झनुपर्छ।

(ञ) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ।

(ट) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ।

(ठ) "योजना" भन्नाले गाउँको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक गाउँ विकास योजना, वार्षिक गाउँ विकास योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनुपर्छ।

(ड) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रमलाई सम्झनुपर्छ।

(ढ) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ।

(ण) "अनुदान" भन्नाले नेपाल सरकारबाट गाउँ विकास समितिलाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ।

(त) "निशर्त अनुदान" भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र यस कार्यविधिको परिधि भित्र रही गाऊँ, जिल्ला र राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम गाउँ परिषदबाट कार्यक्रम स्वीकृत गरी बाँडफाँड र जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनुपर्छ।

(थ) "सशर्त अनुदान" भन्नाले नेपाल सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि गाऊँ विकास समितिले तोकिएको शर्तको परिधि भित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनुपर्छ।

(द) "बैक वा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक वा वित्तीय संस्था सम्झनुपर्छ।

(ध) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ।

(न) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर, रोलर, लोडर आदि) जस्ता श्रमलाई विस्थापित गर्नेखालका मेशिनरी तथा उपकरण सम्झनुपर्छ।

३. <u>अनुदानको उद्देश्य</u> : नेपाल सरकारबाट गाउँ विकास समितिलाई प्राप्त हुने सबै प्रकारका अनुदानका उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) स्थानीय सीप, श्रम, स्रोत र साधनको सदुपयोग गरी स्थानीय जनताको सेवा सुविधामा पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने।

(ख) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवं मर्मत संभार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने।

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने।

(घ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।

(ङ) स्थानीयस्तरमा कुनै पनि विकाससँग सम्बन्धित संस्थाले सम्बोधन गर्न नसकेका तर समुदायबाट पहिचान भई अति आवश्यक ठहऱ्याई आएका कार्यक्रमलाई स्थानीयस्तरबाटै सम्बोधन गर्ने ।

(च) राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रबाट लिइएका लक्ष्य, उद्देश्य तथा प्रतिबद्धताहरुलाई स्थानीयस्तरमा कार्यक्रमका माध्यमबाट सम्बोधन गरी स्थानीयकरण गर्ने ।

(छ) सबैको सरोकारका साझा विषय जस्तै लैङ्गिक समानता, बालबालिकाको विकास, सामाजिक समावेशीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तनमा असर पार्ने विषय, खुला दिशामुक्त क्षेत्र तथा सरसफाई जस्ता राष्ट्रिय सरोकारका विषयलाई अभियानका माध्यमबाट स्थानीयस्तरमा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने ।

(ज) स्थानीय स्तरमा रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार तथा रहनसहनमा परिवर्तन ल्याई गरीबी निवारणको लक्ष्य पूर्तिमा सहयोग पुऱ्याउने ।

(झ) गाउँ विकास समितिको आफ्नो आन्तरिक आय वृद्धिका लागि सम्भावित क्षेत्रहरु पहिल्याई त्यसबाट अधिकतम् आम्दानी वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

**४. कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने ।

(ख) प्राप्त अनुदानलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने ।

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा, निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने ।

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित गराउने, लेखा, लेखा परीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र ब्यवस्थित गर्ने ।

(ङ) अनुदानसँग सम्बन्धित विभिन्न सरोकार राख्ने संस्था, निकाय तथा पदाधिकारीको कार्य जिम्मेवारी र भूमिकामा थप स्पष्टता ल्याउने ।

(च) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने ।

(छ) गाउँ विकास समितिमा जाने अनुदानलाई सूत्रमा आबद्ध गरी न्यूनतम शर्त मापनका आधारमा अनुदान प्रदान गर्ने पद्धतिलाई संस्थागत गर्ने र एकीकृत रुपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने, र

(ज) गाउँ विकास समितिको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने ।

**५. कार्यविधिको कार्यक्षेत्र** : नेपाल सरकारका विभिन्न निकायबाट प्राप्त हुने निःशर्त वा सशर्त अनुदान, आयोजनागत/कार्यक्रमगत बजेट, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने सबै प्रकारको सहयोग, जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान, गाउँ विकास समितिको आन्तरिक आय र गाउँ विकास समितिमा प्राप्त हुने सबै प्रकारका स्रोत समेतको सञ्चालन एवं व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

## भाग २
## अनुदानको किसिम र बाँडफाँडको आधार

**६. अनुदानका किसिम** : गाउँ विकास समितिमा निश्चित मापदण्डका आधारमा सशर्त वा निःशर्त रुपमा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछ ।

(१) चालू खर्च अनुदान
(२) पूँजिगत अनुदान
(३) अन्य अनुदान : अन्य अनुदान अन्तर्गत देहायका क्षेत्रहरु रहनेछन् :-

- (क) विषयगत सशर्त अनुदान,
- (ख) आयोजना/कार्यक्रमगत सशर्त अनुदान/बजेट,
- (ग) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विकास साझेदारहरुबाट सम्झौता गरी स्थानीय स्तरमा प्राप्त हुने अनुदान/बजेट,
- (घ) प्राविधिक सहयोग,
- (ङ) बस्तुगत सहयोग, र
- (च) गाउँ विकास समितिलाई प्राप्त हुने अन्य अनुदान

**७. पूँजिगत अनुदान बाँडफाँडको आधार** : (१) गाउँ विकास समितिको पूँजिगत अनुदान बाँडफाँडको आधार देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) जनसंख्या | ६० | प्रतिशत |
| (ख) क्षेत्रफल | १० | प्रतिशत |
| (ग) भारित लागत | ३० | प्रतिशत |

(२) मन्त्रालयले स्थानीय निकाय वित्तीय आयोगको सिफारिसमा उपदफा (१) बमोजिमको अनुदान बाँडफाँडको सूत्र र आधारलाई हेरफेर गर्न सक्नेछ ।

## भाग ३
## रकम विनियोजनका क्षेत्रहरु

**८.चालू खर्च अनुदान** : नेपाल सरकार वा अन्य कुनै निकायले चालू खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा गाउँ विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक प्रशासन नियमावलीको सीमाभित्र रही छुट्याएको निश्चित प्रतिशत रकम चालू खर्च शीर्षकमा देहाय बमोजिम विनियोजन गर्नसक्नेछ :-

(क) आर्थिक प्रशासन नियमावलीको नियम १८ (१) (ख) सँग सम्बन्धित अनुसूची- २ को शीर्षक नं. १ को उपभोग खर्च र शीर्षक नं. २ को कार्यालय सञ्चालन र शीर्षक नं. ४ को सेवा खर्च ।

(ख) विषयगत कार्यालयबाट आफ्ना कर्मचारीका लागि गाउँ विकास समितिबाट खर्च लेख्ने गरी प्राप्त हुने तलब भत्ता ।

(ग) आर्थिक प्रशासन नियमावलीको नियम १८ (१) (ख) सँग सम्बन्धित बजेट खर्च शीर्षक नं. ३ र ४ बमोजिमको गाउँ विकास समितिबाट स्वीकृत कार्यक्रम अनुसार यस कार्यविधिको दफा ९ बमोजिम सामाजिक परिचालन र दफा १० बमोजिम क्षमता विकास अनुदान शीर्षकबाट खर्च हुने रकम ।

**९. क्षमता विकास अनुदान** : (१) क्षमता विकास अनुदानबाट “जिल्ला विकास तथा गाउँ विकास समिति क्षमता विकास कार्यविधि, २०६६” को परिधिभित्र रही गाउँ परिषद्बाट स्वीकृत क्षमता विकास योजना बमोजिम गाउँ विकास समितिले क्षमता विकास सम्बन्धी देहायका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ :-

(क) गाउँ विकास समितिका विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवं अत्यावश्यक अध्ययन ।

(ख) गाउँ विकास समिति सङ्गठन संरचनाको अध्ययन कार्य, जिम्मेवारी किटान सम्बन्धी कार्यहरु । तर कम्तीमा पाँच वर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाईनेछैन ।

(ग) गाउँ विकास समितिको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवं संयन्त्र, उपभोक्ता समिति, गाउँ विकास समितिसंग प्रत्यक्ष सरोकार राख्ने सामुदायिक संस्था, गैरसरकारी संस्थाका पदाधिकारीको तालिम, अवलोकन भ्रमण ।

(घ) गाउँ विकास समितिको आन्तरिक आय स्रोतहरुको पहिचान, सम्भाव्यता अध्ययन, संकलन तथा व्यवस्थापन कार्य ।

(ङ) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरुको क्षमता विकास ।

(च) लक्षित वर्ग, समूहका सदस्यहरुको सीप तथा क्षमता विकास क्रियाकलाप

(छ) गाउँ विकास समितिको क्षमतावृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री/उपकरण आदि खरीद, जडान र व्यवस्थापन ।

(ज) विशेषज्ञ, परामर्शदाता तथा सेवा प्रदायक परिचालन ।

(झ) “जिल्ला विकास तथा गाउँ विकास समिति क्षमता विकास कार्यविधि, २०६६” को आधारमा गाउँ विकास समितिको क्षमता विकास सम्वन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरु ।

(ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरु,

(२) गाउँ विकास समितिले क्षमता विकास सम्बन्धी आवधिक/वार्षिक योजना परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

(३) स्वीकृत क्षमता विकास योजना बमोजिम मात्र क्षमता विकास अनुदान खर्च गर्नु पर्नेछ ।

१०. **सामाजिक परिचालन अनुदान** : (१) गाउँ विकास समितिको सामाजिक परिचालन सम्बन्धी क्रियाकलापहरु “सामाजिक परिचालन निर्देशिका, २०६६” को अधीनमा रही देहाय बमोजिम हुनेछन् :-

(क) स्थानीय सेवा प्रदायकले पाउने रकम ।

(ख) सामाजिक परिचालनले समटेको परिवार/समुदायको नक्सांकन र सम्बद्ध संस्थाको अनुसूची- १ बमोजिमको अभिलेख सम्बन्धी ।

(ग) गैर सरकारी संस्था एवं समुदायमा आधारित संस्थाको परिचालन सम्बन्धी ।

(घ) समुदाय सशक्तीकरण (समूह, संस्था गठन र परिचालन) सीप विकास, व्यवसाय व्यवस्थापन सम्बन्धी ।

(ङ) सामुदायिक मध्यस्थता तथा कानूनी उपचार तथा सहायता समिति (प्यारालिगल समिति) परिचालन सम्बन्धी ।

(च) बालमैत्री स्थानीय शासन, बालविकास, बालक्लव तथा बाल संजालको विकास सम्बन्धी ।

(छ) नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, गाउँ नागरिक मञ्च आदि व्यवस्थापन सम्बन्धी ।

(ज) गाउँ विकास समितिमा सञ्चालन भइरहेका सामाजिक परिचालनमा संलग्न व्यक्ति संस्थाको सञ्जाल निर्माण तथा तिनको संस्थागत क्षमता विकास र अभिलेख व्यवस्थापन एवं प्रतिवेदन सम्बन्धी ।

(झ) लैङ्गिक मूलप्रवाहीरकण, सामाजिक सशक्तीकरण तथा गरीबी न्यूनीकरण सम्बन्धी विषयहरु ।

(२) सामाजिक परिचालनसँग सम्बन्धी कार्यक्रमहरुको अनुसूची- २ बमोजिमको आयोजना लगानी विवरण तालिका स्वीकृत गराई कार्य सञ्चालन गर्नु पर्नेछ ।

११. **पूँजिगत अनुदान** : गाउँ विकास कोषको कूल पूँजिगत विनियोजनबाट देहायका क्षेत्रमा रकम लगानी गर्नु पर्नेछ :-

(१) आर्थिक/सामाजिक एवं भौतिक पूर्वाधार विकास : गाउँ विकास कोषको कुल विनियोजित पूँजिगत रकमबाट यस दफाको उपदफा (३) बमोजिम लक्षित समूहको लागि र दफा १३ बमोजिम समपूरक कोषको लागि आवश्यक पर्ने रकम छुट्ट्याई बाँकि रहेको रकमलाई शतप्रतिशत मानी त्यसमध्येबाट देहायका क्षेत्रमा लगानी गर्न कम्तीमा ५० प्रतिशत रकम छुट्याउनु पर्नेछ । यसरी छुट्टाइएको रकमबाट रु. २ लाखभन्दा कम लागतका कार्यक्रम/आयोजना छनौट गर्न सकिनेछैन । यस क्षेत्रमा गरीएको लगानीको **अनुसूची- ३** बमोजिमको आयोजना लगानी विवरण तालिका तयार गर्नुपर्नेछ । पूँजिगत लगानीका क्षेत्र अन्तर्गतका विस्तृत क्रियाकलापहरुका सन्दर्भसूची **अनुसूची- ४** मा उल्लेख गरिएको छ ।

(क) आर्थिक विकासका क्षेत्र : कृषि, गैर कृषि, सेवा क्षेत्र,
(ख) सामाजिक विकासका क्षेत्र : शिक्षा, स्वास्थ्य, सामुदायिक पूर्वाधार,
(ग) जलस्रोत विकास र विद्युतीकरण,
(घ) ग्रामीण खानेपानी, सरसफाई, साना सिंचाई
(ङ) ग्रामीण यातायात,
(च) वन, वातावरण तथा ग्रामीण उर्जा,
(छ) सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण,
(ज) विपद् व्यवस्थापन, र
(झ) अन्य साझेदारीमा गर्ने सकिने कार्यक्रमहरु ।

(२) प्रवर्द्धनात्मक लगानीका क्षेत्र : उपदफा (१) बमोजिम छुट्याई बाँकि पूँजिगत रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा प्राथमिकीकरण गरी **अनुसूची- ५** बमोजिमको आयोजना लगानी लागत विवरण तालिका स्वीकृत गरी लगानी गर्नुपर्नेछ :-

(क) सामाजिक परिचालनको माध्यमबाट माग भई आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु ।

(ख) स्थानीयस्तरका सरकारी, गैर सरकारी संस्था तथा सामुदायिक संस्था, निजी क्षेत्र र सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन गर्न सकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु ।

(ग) नेपाल सरकारको राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका निम्न कार्यक्रम/अभियानमा सहयोग पुऱ्याउन सम्बन्धित कार्यक्रमको स्वीकृत योजना खाका कार्यविधि, निर्देशिका बमोजिम सञ्चालन गरिने देहायका विषयहरु :-

(१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण सम्बन्धी,
(२) बालमैत्री स्थानीय शासन सम्बन्धी,
(३) बालश्रम निरुपण सम्बन्धी,
(४) प्राथमिक स्वास्थ्य, एचआइभि/एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, घुम्ती स्वास्थ्य सेवा शिविरहरु जस्ता स्वास्थ्य सम्बन्धी अभियान, प्रचार प्रसार सम्बन्धी,
(५) साक्षरता अभियान तथा औपचारिक शिक्षा जस्तै (बाल बालिका शिक्षा, दलित तथा लोपोन्मुख र सीमान्तकृत जातजातिको शैक्षिक प्रवर्द्धनात्मक कार्य आदि) सम्बन्धी,

(६) महिला, बालबालिका विरुद्ध हुने घरेलु तथा सामाजिक हिंसा निरोधात्मक कार्य सम्बन्धी,
(७) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ।
(८) खानेपानी तथा सरसफाई, खुला दिशामुक्त क्षेत्र सम्बन्धी ।
(९) खेलकुद विकास, शारिरीक, मानसिक तन्दुरुस्तताका कृयाकलाप सम्बन्धी ।
(१०) सहकारी खेती, जैविक खेती, आधुनिक कृषी प्रणाली, साना तथा सामुदायिक सिंचाई, उन्नत वीँउ विजन तथा प्रविधि विकाससँग सम्बन्धी (जस्तै : ग्रीनहाउस, गोठे मल-मूत्र संकलन, कीटनाशक औषधि, आकासे पानी संकलन गरी सिंचाई प्रविधि)
(११) गैह्रकाष्ठ बन पैदाबार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रसोधनात्मक कार्य सम्बन्धी ।
(१२) स्थानीय/ग्रामीण पर्यटन प्रवर्द्धन सम्बन्धी,
(१३) नविकरणीय उर्जा विकास र प्रवर्द्धन सम्बन्धी,
(१४) जीविकोपार्जन तथा गरिवी निवारणमा टेवा पुर्‍याउने कार्यक्रम सम्बन्धी, र
(१५) गाउँ विकास समिति तथा गाउँ विकास समितिको सम्भाव्य देखिएका क्षेत्रको आन्तरिक आय/स्रोत अभिवृद्धि गर्ने कार्यक्रम सम्बन्धी, र
(१६) विपन्नता नक्साङ्कन र अद्यावधिक सम्बन्धी ।

(३) लक्षित समूह विकास कार्यक्रम : गाउँ विकास कोषको कुल पूँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन एवं सञ्चालन गर्नुपर्नेछ :-

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत,
(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत, र
(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत ।

(घ) लक्षित समूहमा गरिएको लगानी अनुसूची- ६ बमोजिमको आयोजना लगानी विवरण तालिका प्रत्येक लक्षित समूहका लागि छुट्टाछुट्टै तयार गर्नु पर्नेछ । लक्षित समूहको सूची र वर्गीकरणको विवरण क्रमशः अनुसूची- ७ र ८ मा उल्लेख गरिएको छ ।

(ङ) लक्षित समूहमा लगानी गर्दा खण्ड (घ) मा उल्लिखित वर्गीकरणको सूची मध्ये लोपोन्मुख, अति सीमान्तकृत तथा अतिविपन्न परिवारहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरीबी नक्सांकन, विपन्न वर्गको नक्सांकन, आधारभूत सर्वेक्षणलाई आधार मान्नु पर्नेछ ।

(च) लक्षित समूहमा जाने कार्यक्रमको कम्तीमा ७० प्रतिशत सोहि लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्नु पर्ने, कम्तीमा ५ घरधुरी समेटिएको हुनु पर्ने र सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समूहको सहभागिता हुनुपर्नेछ ।

(छ) लक्षित समूह विकास कार्यक्रमका लागि छुट्याइएको रकम उपदफा (१) र उपदफा (२) मा उल्लिखित लगानिका क्षेत्रमा लगानि गर्नु पर्नेछ ।

(ज) लक्षित समूहको लागि सञ्चालित कार्यक्रम/क्रियाकलापहरुको विश्लेषण अनुसूची- ९ बमोजिम गर्नुपर्नेछ ।

(झ) लक्षित समूह विकास कार्यक्रम अर्न्तगत सामाजिक परिचालन कार्यक्रम लागु भएका गाउँ विकास समितिमा सामाजिक परिचालनबाट छानिएका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

१२. <u>गाउँ विकास कोषको पूँजिगत रकम लगानी गर्न निषेध गरिएका विषयहरु</u> : गाउँ विकास कोषको पूँजिगत रकम देहायको विषयहरुमा खर्चगर्न पाईने छैन :-

(क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवं राजनीतिक पदाधिकारी/व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरु ।

(ख) सवारी साधन मर्मत सम्भार र ईन्धन खर्च आदि ।

(ग) पूँजिगततर्फको रकम सापटी ल्याई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, विजुली, टेलिफोन, पानीको महशुल लगायत मसलन्द खर्च आदि जस्ता चालू प्रकृतिका सबै खर्चहरु ।

(ङ) वीमा, ऋण कारोबार, शेयर लगानी वा बैंकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न ।

(च) कुनै पनि प्रकारका राजनीतिक दल तथा तिनका भातृ/भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता प्रदान गर्न ।

(छ) दामासाही वा भागबण्डाको हिसाबले रकम बाँडफाँड गर्न ।

(ज) गाउँ परिषद्बाट बजेट बाँडफाँड गर्दा अबण्डा शीर्षकमा राखी पछि बाँडफाँड गर्न ।

(झ) गाउँ परिषद्बाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न ।

(ञ) शिक्षा मन्त्रालयद्वारा निर्धारित मापदण्ड विपरीत विद्यालयलाई दिने शिक्षक पारिश्रमिकमा खर्च गर्न र विद्यालय सुधार योजना एवं गाउँ शिक्षा योजनामा नपरेका कार्यक्रममा खर्च गर्न ।

(ट) दश जोड दुई तह वा सोभन्दा माथिल्लो तहको विद्यालय वा क्याम्पस खोल्नका लागि धरौटी राख्न ।

(ठ) आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च गर्न ।

(ड) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई गत विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम/आयोजनामा खर्च गन ।

(ढ) "वातावरण संरक्षण ऐन २०५३," र "वातावरण संरक्षण नियमावली, २०५४" तथा मन्त्रालयबाट स्वीकृत "सामाजिक तथा वातावरणीय सुराक्षाको रुपरेखामा उल्लिखित प्रावधानहरुको प्रतिकूल हुने कुनै पनि आयोजनामा खर्च गर्न ।

१३. **समपूरक कोष सम्बन्धी व्यवस्थाः** (१) गाउँ विकास समितिसँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न समपूरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउन पर्नेछ, ।

तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने आयोजनाहरु योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट गाउँ विकास योजनामा समावेश भएको हुनुपर्नेछ ।

१४. **आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) सम्बन्धी व्यवस्था** : (१) गाउँ विकास समितिको आफनो स्रोतबाट सञ्चालित वा अन्य निकायको स्रोतबाट सञ्चालन गरिने कार्यक्रम/ आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट **अनुसुची** १० मा उल्लेख भए बमोजिम "क", "ख" र "ग" वर्गका जिल्लामा क्रमशः ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिनेछ । यस्तो खर्चको हिसाब **अनुसूची- ११** बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छुट्याइएको रकमको खर्च सम्बन्धी कार्य योजना गाउँ परिषद्बाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरुमा मात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा संभाव्यता अध्ययन, डिजाइन, ड्इङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी ।

(ख) गाउँ विकास समितिको प्राविधिक कार्यलाई सहज र सरलीकरण गर्न स्थानीय विकास अधिकारीसँग पूर्व स्वीकृति लिई प्राविधिक व्यक्ति वा संस्थाको सेवा करार सम्बन्धी ।

(ग) जिल्ला विकास समितिको कार्यालय वा अन्य विषयगत निकायबाट खटिई आउने प्राविधिक कर्मचारीको दैनिक भ्रमण भत्ता/पारिश्रमिक सम्बन्धी ।

(घ) समावेशी /सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी ।

(ङ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता, रजिष्टर सम्बन्धी ।

(च) आयोजना/कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, मूल्यांकन जाँचपास तथा प्रतिवेदन सम्बन्धी ।

(छ) सामाजिक परीक्षण, सार्वजनिक सुनवाई, गुनासो व्यवस्थापन तथा यस कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व सम्बन्धी ।

(ज) उपभोक्ता समिति गठन, अभिमूखीकरण र उपभोक्ता समितिको खर्च सम्बन्धी ।

(झ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु सम्बन्धी ।

(३) नेपाल सरकारले जिल्ला विकास समिति मार्फत् गाउँ विकास समितिमा पठाउने पूँजिगत अनुदानको रकमबाट अनुसूची- १० मा वर्गीकृत “क”, “ख” र “ग” वर्गका जिल्लामा क्रमश १, ०.७५ र ग ०.५ प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला विकास समितिको माग अनुसार जिल्ला विकास समितिको खातामा निकासा गर्नेछ । यस्तो रकमबाट जिल्ला विकास समितिले “जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७” को दफा १५ मा उल्लिखित कृयाकलापहरुमा खर्च गर्नुपर्नेछ ।

## भाग ४
## योजना तर्जुमा एवं आयोजना छनौट

**१५. एकीकृत योजना तर्जुमा समिति** : (१) गाउँ विकास समितिमा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था नभएसम्मको लागि गाउँ विकास समितिबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाका प्रस्तावहरु छनौट गरी गाउँ विकास समिति समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एकीकृत योजना तर्जुमा समिति (सल्लाहकार समिति) रहनेछ :-

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति -संयोजक

(ख) गाउँ विकास समितिको सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका एक दल एक प्रतिनिधि -सदस्य

(ग) गाउँ विकास समितिमा कार्यरत गैर सरकारी संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि (एक जना) -सदस्य

(घ) गाउँ विकास क्षेत्रमा सामुदायिक संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएको सामुदायिक संस्थाको महिला प्रतिनिधि (एक जना) -सदस्य

(ङ) गाउँ विकास क्षेत्रमा दलित संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएको दलित संस्थाको प्रतिनिधि (एक जना) -सदस्य

(च) गाउँ विकास क्षेत्रमा रहेका महिला संस्थाहरु (जस्तै आमा समूह, महिला सहकारी, महिला संजाल, प्यारालिगल समिति आदि) ले आफूमध्येबाट छनौट गरी पठाएका महिला संस्थाका प्रतिनिधि (दुई जना) -सदस्य

(छ) गाउँ विकास क्षेत्रमा रहेका बालक्लवहरुले आफूमध्येबाट छनौट गरी पठाएका बाल प्रतिनिधि (एक जना) - सदस्य

(ज) गाउँ विकास क्षेत्रमा आदिवासी/जनजातिका संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएका आदिवासी/जनजाति संस्थाका प्रतिनिधि (एक जना) -सदस्य

(झ) पिछडावर्गको उपस्थिति भएका गाउँ विकास समितिमा सम्बन्धित पिछडावर्गहरुको समितिबाट छनौट गरी पठाएको पिछडावर्गको प्रतिनिधि (एक जना) - सदस्य

(ञ) गाउँ विकास समितिको सचिव[i] -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) वडा समितिबाट प्राथमिकताक्रमको आधारमा सिफारिस भई आएका कार्यक्रम /आयोजनाको अनुमानित बजेट सीमाको अधीनमा रही क्षेत्रगत रुपमा छुट्टाछुट्टै प्राथमिकीकरण गरी अन्तिम सूची तयार गर्ने ।

(ख) प्राथमिकीकरण गर्दा क्रमागत आयोजना, आवश्यकताको आधारमा निष्पक्षता र यथार्थतालाई जोड दिने ।

(ग) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रमको बारेमा समन्वय गर्ने ।

(घ) आयोजनाको सिफारिस गर्दा क्षमता विकास सम्बन्धी आयोजना, सामाजिक परिचालन, पूँजिगत लगानीका क्षेत्रका आयोजना/कार्यक्रमहरु, प्रवर्द्धनात्मक कार्यक्रमहरु र लक्षित समूह (महिला, बालबालिका, अतिविपन्न र पछाडि परेका समुदायहरु) को छुट्टाछुट्टै आयोजना लगानी सूची र आयोजनागत लगानी हुने रकमको सूची पेश गर्ने ।

---

[i] संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भई कामकाज गर्नेछ ।

(ङ) गाउँ विकास क्षेत्रभित्र सञ्चालन हुने आयोजनामा दोहोरोपना आउन नदिने र आयोजना कार्यक्रम बीच पारस्परिक सम्बन्ध एवं परिपूरकता कायम गर्ने ।

(च) गाउँ विकास कोषको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनले औल्याएका विषयहरुमा छलफल गर्ने ।

(छ) गाउँ विकास समितिको कार्यमा आवश्यक सल्लाह एवं सुझाव दिने तथा आवश्यक सहयोग उपलब्ध पुऱ्याउने ।

(३) उपदफा (१) बमोजिमको समितिको कार्यविधि देहाय बमोजिम हुनेछ : -

(क) गाउँ विकास समितिले आवश्यक ठानेका स्थानीय सरकारी एवं गैर सरकारी क्षेत्रका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(ख) समितिका कम्तीमा ५०% सदस्य उपस्थित भएमा वैठक बस्न सक्नेछ ।

(ग) समितिले आवश्यकता अनुसार सम्बन्धित निकायबाट आवश्यक राय सल्लाह, सुझाव लिन सक्नेछ ।

(घ) उपदफा (१) को खण्ड (ग) देखि (झ) सम्म उल्लिखित प्रतिनिधिहरु गाउँ विकास समितिले तोकेको समयभित्र छनौट गरी नपठाएमा गाउँ विकास समितिको अध्यक्षले आफैंले मनोनयन वा छनौट गर्न सक्नेछ । साथै एकीकृत योजना तर्जुमा समितिका कुनै प्रतिनिधि छनौट भई नआएको वा नतोकिएको खण्डमा पनि गाउँ विकास समितिको काम कार्यवाही रोकिने छैन ।

(ङ) गाउँ विकास समितिले तोकेको समयभित्र एकीकृत आयोजना तर्जुमा समितिबाट आयोजनाका प्रस्तावहरु छनौट गरी नआएमा गाउँ विकास समिति आफैंले छनौट गर्न सक्नेछ ।

**<u>१६. कार्यक्रम/आयोजनाको प्राथमिकताक्रम निर्धारण</u>** : (१) गाउँ विकास समितिले ऐनको दफा ४३ को उपदफा (३) र (६) मा उल्लिखित आधारहरु लगायत देहायका आधारमा कार्यक्रम/आयोजनाको प्राथमिकीकरण गर्नुपर्नेछ :-

(क) क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु ।

(ख) सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु ।

(ग) स्थानीय सीप, श्रम, साधन, प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवं आय आर्जनमा बढावा दिने विषयहरु ।

(घ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम/आयोजनाहरु ।

(ङ) गाउँ विकास समितिको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरु र

(छ) समान प्रकृतिका आयोजनाहरुमध्ये बढी जनसहभागिता एवं लागतसहभागिता जुटाउन सकिने आयोजनाहरु ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम/आयोजनाहरु छनौट गर्दा गरिवी नक्साङ्कन वा विपन्नता नक्साङ्कन आदि समेतको आधारमा तुलनात्मक रुपमा अति गरिव, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गहरुको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) आयोजना/कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा अनुसूची- १२ बमोजिमको प्राथमिकता निर्धारण गर्ने तालिका प्रयोग गर्न सकिनेछ ।

**<u>१७. योजना तर्जुमा</u>**: गाउँ विकास समितिको योजना तर्जुमा प्रक्रिया ऐनको दफा ४३ को अधीनमा रही देहाय बमोजिम हुनेछ । यसका तह र चरणहरु अनुसूची- १३ मा उल्लेख भए बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिले ऐनको दफा ४४ बमोजिम गाउँ विकास क्षेत्रको गाउँ पार्श्वचित्र (भिलेज प्रोफाईल) तथा श्रोत नक्शा तयार गरी नियमित रुपमा अद्यावधिक गर्दै जानुपर्नेछ ।

(ख) यस कार्यविधिको दफा नं. ३६ बमोजिमको रकमलाई एकीकृत गरी एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तयार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकताका आधारमा एकीकृत योजना तर्जुमा समितिको वैठकबाट क्षेत्रगत रुपमा प्राथमिकता निर्धारण र क्षेत्रगत बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।

(ग) यसरी बजेट पूर्वानुमान गर्दा पिछडिएका वस्तीमा लगानी केन्द्रित गर्ने गरी त्यस्ता वस्तीका बासिन्दालाई विकासको मूलप्रवाहमा ल्याउने रणनीति अवलम्वन गर्नुपर्नेछ ।

(घ) पूर्वानुमान तयार गरी सकेपछि आयोजना छनौटका आधारसमेत खुलाई वडागत रुपमा कार्यक्रम/आयोजनाको छनौट गरी पठाउन सम्बन्धित वडालाई जानकारी गराउनु पर्नेछ ।

(ङ) बजेट पूर्वानुमान बमोजिम कुन क्षेत्रमा कतिसम्म लगानी गर्न सकिने हो सोको बारेमा स्थानीय सञ्चारका माध्यम एवं सामाजिक परिचालक मार्फत समुदायस्तरमा जानकारी गराउनु पर्नेछ ।

(च) योजना तर्जुमा प्रक्रिया वस्तीस्तरबाट सुरु हुनेछ । वस्तीमा वसोवास गर्ने नागरिकहरु विशेष गरेर अतिविपन्न एवं पिछडिएका समूह र समुदायस्तरमा रहेका समूह/सामुदायिक संस्थाहरु समेतको संयुक्त भेलाले पहिचान गरेका आयोजना तथा कार्यक्रमहरुको सूची तयार गर्नुपर्नेछ । सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका अति विपन्न परिवारको मागलाई प्राथमिकता दिई सम्बोधन गर्नु पर्नेछ ।

(छ) यसरी सूची तयार गर्दा लाभान्वित समूहका प्रस्तावकहरु (उपभोक्ता समूह/सामुदायिक संस्था) ले आफूले परिचालन गर्न सक्ने श्रोत तथा जनसहभागिताको अंश र आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनुपर्नेछ ।

(ज) योजना तर्जुमाको चरणमा कार्यक्रम/आयोजनाहरुसँग सम्बन्धित निर्देशन एवं कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम/आयोजनाहरु तर्जुमा गर्नुपर्नेछ । अन्तर क्षेत्रगत विषयसँग सम्बन्धित कार्यविधिहरुको विवरण अनुसूची- १४ मा दिइएको छ ।

(झ) आफ्नो वडा भित्रका समुदायहरुबाट प्राप्त सूचीहरुलाई वडा नागरिक मञ्चले समूहीकृत र एकीकृत गरी वडा समितिमा सिफारिस गरी पठाउनेछ ।

(ञ) वडा समितिले वडा नागरिक मञ्चबाट प्राप्त कार्यक्रम/आयोजनाहरुलाई विभिन्न कार्यक्रमहरु बीचको अन्तरसम्वन्ध कायम हुने गरी प्राथमिकताक्रम निर्धारण गरी गाउँ विकास समितिमा पेश गर्नुपर्नेछ । तर वडा समिति क्रियाशील नभएको अवस्थामा वडा नागरिक मञ्चले नै योजना प्राथमिकीकरण गर्नेछ ।

(ट) गाउँ विकास समितिले एकीकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्नु अगावै नियमावलीको नियम ४७ को परिधिभित्र रही विषयगत निकायका प्रमुखहरु, गैर सरकारी संस्था, सामुदायिक संस्था एवं राजनीतिक दलका प्रतिनिधिहरुसमेत रहेको विषयगत योजना तर्जुमा समितिहरु गठन गरी त्यस्तो समितिबाट आवश्यक सिफारिस र क्षेत्रगत प्राथमिकताको सूची लिन सक्नेछ ।

(ठ) गाउँ विकास समितिले वडा समितिबाट वा विषयगत समितिबाट प्राथमिकताक्रमको निर्धारण भई आएका कार्यक्रम/आयोजनाहरुको सूची एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नेछ ।

(ड) गाउँ विकास समितिले एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम/आयोजनाहरुलाई समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी गाउँ परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ढ) गाउँ विकास समितिले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम ऐनको दफा २२ (३) र नियमावलीको नियम ६६ (१०) बमोजिम पौष मसान्तभित्र गाउँ परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ण) गाउँ परिषद्बाट **स्वीकृत भई सकेपछि कार्यक्रम र बजेट सामान्यतया पुनः संशोधन गर्न पाइने छैन ।**

**<u>१८. आयोजनाको अन्तर निकाय समन्वय:</u>** (१) पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका विषयहरुमा एक भन्दा बढी गाउँ विकास समिति/नगरपालिका लाभान्वित हुने देखिएमा नियमावलीको नियम २७३ग बमोजिमको स्थानीय निकाय संयुक्त समिति गठन गरी कार्य गर्न सकिनेछ । यस्तो अवस्थामा जिल्ला विकास समितिले आवश्यक सहजीकरण गर्नेछ ।

(२) वार्षिक कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास समितिले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु र जिल्ला विकास समिति तथा छिमेकी गाउँ विकास समिति/नगरपालिकाको सहयोग लिन सक्नेछ । यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु ती निकायहरुको कर्तव्य हुनेछ ।

**<u>१९. संभाव्यता अध्ययन</u>** : (१) गाउँ विकास समितिले रु. २५ लाख लागतभन्दा माथिका भौतिक पूर्वाधारका आयोजनाहरुको गाउँ परिषद्वाट स्वीकृत हुनु अगाडि नै संभाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवं प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दिगोपना सम्बन्धी न्यूनतम विषयहरु प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

## भाग ५

## कार्यक्रम/आयोजना सञ्चालन एवं व्यवस्थापन

**२०. कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया** : गाउँ विकास समितिको कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिको स्वीकृत कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा ४८ र ४९ एवं नियमावलीको नियम ६७ मा उल्लेख भएबमोजिम हुनेछ । यसरी कार्यान्वयन गर्दा कार्यान्वयन कार्यतालिका निर्माण गरी नियमावलीको नियम ६७ (२) सँग सम्बन्धित अनुसूची- ३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(ख) कार्यक्रम/आयोजना कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ग) सार्वजनिक खरिद ऐन, २०६३ एवं आर्थिक प्रशासन नियमावलीको परिच्छेद ५ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(घ) कार्यक्रम/आयोजना स्वीकृति र लागत अनुमान तयार भै सकेपछि छुट्टाछुट्टै आयोजना लगानी विवरण तालिका स्वीकृत गरी लागु गर्नुपर्नेछ ।

(ङ) कार्यक्रम/आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरु, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिनेछ । साथै गाउँ विकास क्षेत्रभित्र गाउँ विकास समिति आफै वा अन्य निकाय/संस्थाबाट सञ्चालन गरिने आयोजनामा कुनै पनि किसिमको दोहोरोपना आउन नदिन सजग रही पारस्परिक सहकार्य र परिपूरकता कायम गरी सञ्चालन गर्नु पर्नेछ ।

(च) वार्षिक कार्ययोजना अनुसार समयमै कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन, तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा वोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पूरा गर्नु पर्नेछ ।

(छ) कार्यक्रम/आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्ने र पेश्कीशून्य अभियानको शुरुआत गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्नेछैन ।

(ज) कार्यक्रम/आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३ एवं वातावरण संरक्षण नियमावली, २०५४ ले निर्धारण गरेको बजेट सीमा बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई. इ.इ) र वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेरमात्र सञ्चालन गर्नुपर्नेछ । साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा (सेफगार्ड मेजरस्) मा उल्लिखित प्रावधानहरुको पालना गर्नुपर्नेछ ।

(झ) कार्यक्रम/आयोजनाहरु कार्यान्वयन गर्दा ऐनको दफा ५१ (५) बमोजिम गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख, मर्मत सम्भार समेत गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय, सामुदायिक संस्थाबाट समेत कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(ञ) कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले प्राप्त गर्ने किस्ता रकम संभव भएसम्म नजिकको बैंकमा वा बैक नभएको अवस्थामा वित्तीय संस्थामा खाता खोली राख्नुपर्नेछ ।

(ट) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु स्वीकृत खरिद आयोजना बमोजिम तोकिएको समयभित्रै कार्यान्वयन गर्ने उपभोक्ता समिति वा निकाय आफैंले वा संयुक्त रुपमा वा यस्ता निकायहरुको अनुरोधमा गाउँ विकास समितिले खरिद व्यवस्था गर्नसक्नेछ ।

(ठ) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा गाउँ विकास समितिको सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ड) गाउँ विकास समितिबाट सञ्चालित आयोजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रुपमा भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन जिल्ला विकास समितिमा पठाउने जिम्मेवारी गाउँ विकास समितिको सचिवको हुनेछ ।

(ढ) कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ण) गाउँ विकास समितिले जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(त) २ लाख रुपैयाँ भन्दा माथिका आयोजनाको अनुसूची- १५ बमोजिम आयोजनाको लगत खाता र अनुसूची- १६ बमोजिमको योजना खाता राख्नु पर्नेछ ।

(थ) गाउँ विकास समितिबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(द) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयाँसम्म लागत अनुमान भएका आयोजना/कार्यक्रम उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

२१. <u>उपभोक्ता समिति सम्बन्धी व्यवस्था</u> : उपभोक्ता समिति गठन गर्दा ऐनको दफा ४८ र ४९ नियमावलीको नियम ६७ र आर्थिक प्रशासन नियमावलीको नियम १५५ र १५६ समेतका आधारमा देहाय बमोजिका प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति मार्फत् आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिबारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । साथै समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ । लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व हुनुपर्नेछ ।

(ग) स्थानीय निकायका निर्वाचित बहालवाला पदाधिकारी, स्थानीय निकायको सर्वदलीय संयन्त्रमा भागलिने राजनीतिक दलका प्रतिनिधिहरु, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी सरकारी पेस्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी उपभोक्ता समितिको सदस्य हुन र एक घर परिवारबाट एकजना भन्दा बढी सदस्य हुन पाइनेछैन ।

(घ) उपभोक्ता समिति गठन गर्दा स्थानीय निकायले तोकेको कर्मचारी/प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ । गाउँ विकास समितिमा सामाजिक परिचालक कार्यरत रहेको अवस्थामा निजले उपभोक्ता समिति गठन कार्यमा सहजीकरण गर्नुपर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा आयोजनाको कार्यान्वयनमा सहजिकरण एवं अनुगमन गर्न एकजना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ र अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

(च) उपभोक्ता समिति गठन सर्वसम्मत तरिकाले समिति चयन गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा चुनावी प्रक्रिया अवलम्वन गरी वहुमतीय प्रणालीबाट गठन गर्न सकिनेछ ।

(छ) तोकिएको समयभित्र उपभोक्ता समिति गठन भै आउन नसकेमा गाउँ विकास समितिको कार्यालयले सहजीकरण गर्न सक्नेछ र यसरी पनि गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(ज) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण समाग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम/आयोजना सम्झौता हुनुपूर्व उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(झ) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँ विकास समितिमा अभिलेख राख्नुपर्नेछ ।

(ञ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

(ट) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले रु. ५० हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिंदा सम्भव भएसम्म बैक/वित्तीय संस्था मार्फत गर्नुपर्नेछ ।

(ठ) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन व्यवस्थापन/उपभोक्ता समिति, सहकारी संस्थाहरु, आमा समूह, कृषि समूह, विद्यालय व्यवस्थापन समिति, सामुदायिक सङ्गठन आदि) कार्यक्रम/आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ड) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ । साथै लोडर, बुलडोजर, एक्साभेटर, रोलर, ग्रेडर, विटुमिन डिष्ट्रिव्यूटर, विटुमिन व्याईलर जस्ता ठूला मेशीनरी औजारको प्रयोग गर्न पाईनेछैन ।

(ढ) श्रममूलक तवरबाट काम हुन नसकी मेशिनरी उपकरणको प्रयोग गर्नु पर्ने भएमा गरिने कामको नर्म्स तथा लागत स्वीकृत गरी स-साना मेशिनरी उपकरणको प्रयोग गर्न सकिनेछ । तर श्रममूलक तवरबाट कार्य गराउने गरी लागत अनुमान तयार गरी मेशिनरी उपकरणको प्रयोगद्धारा कार्य गराइएको पाइएमा तत्कालै आवश्यक कार्यवाही गरी भुक्तानी रकम असुल उपर गर्ने र सोको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(ण) उपभोक्ता समितिले सञ्चालन गर्ने गरी सम्झौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समिति स्वयमले कार्यान्यवन नगरी कुनै निर्माण व्यवसायी वा सब कन्ट्याक्टबाट कार्यान्वयन गराउन पाईनेछैन । त्यसरी दिएको पाईएमा त्यस्ता समितिसँगको सम्झौता रद्ध गरी बैकल्पिक माध्यमबाट कार्यान्वयन गराउन सकिनेछ ।

(त) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(थ) सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय/संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाँचवुझ वा निरीक्षण गर्न सकिनेछ ।

(द) प्रचलित ऐन नियम, प्रक्रिया र मापदण्ड विपरीत उपभोक्ता/अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने व्यक्ति/संस्थालाई समेत आवश्यक कारवाही गर्न सकिनेछ ।

(ध) उपभोक्ता समितिले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा खण्ड (ण) बमोजिम निर्माण व्यवसायी वा सवकन्ट्र्याकबाट कार्यान्वयन गरेको पाईएमा सम्बन्धित निकायले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकि सरह असुल उपर गर्नुपर्नेछ र यस्तो कार्यमा आवश्यक सहयोग पुर्‍याउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

(न) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि गाउँ विकास समितिले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(प) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची- १७ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँ विकास समितिमा पठाउनुपर्नेछ ।

(फ) उपभोक्ता समितिले सडक निर्माणको लागि जग्गा उपलब्ध गराउने, अधिकतम जनसहभागिता जुटाउने, सडक संरक्षणको लागि वातावरणमैत्री जैविक संरचनाको व्यवस्थापन गर्ने तथा निर्माण पश्चात सडक मर्मत सम्भारको समेत जिम्मेवारी वहन गर्नु पर्नेछ ।

**२२. ठेक्कापट्टाबाट काम गराउन सकिने** : (१) उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरुको प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउन सकिनेछ ।

(२) ठेक्कापट्टाद्धारा काम गराउँदा आयोजनाको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन गर्न एकजना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ र अन्तिम भुक्तानी एवं फरफारक गर्नु पूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

**२३. सडक निर्माण सम्बन्धी विशेष व्यवस्था** : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि/पशुविकास/मत्स्य विकास) तथा गैह्र कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्रयाक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतीका साथै स-साना पुल पुलेसा निर्माणमा जोड दिनुपर्नेछ ।

(३) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोग गर्न पाइनेछैन । तर प्राविधिकको परामर्शमा “वातावरण संरक्षण ऐन, २०५३”, “वातावरण संरक्षण नियमावली, २०५४” साथै सामाजिक तथा वातावरणीय सुरक्षाको परिधिभित्र रही स-साना वातावरण तथा श्रममैत्री स-साना उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(४) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रुपमा असर पुऱ्याउने खालका आयोजनाहरु तथा स्थानीय निकायको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्न पाइनेछैन । साथै सडक निर्माण सम्बन्धी कार्यसञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गरी लगत कट्टा गर्नुपर्नेछ ।

**२४. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था** : (१) गाउँ विकास समितिले आयोजनाहरुको लागत अनुमान, नक्शा र डिजाईन गाउँ विकास समितिको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(२) आयोजनाहरुको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी अनिवार्य रुपमा नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज -अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नु पर्छ ।

(३) सम्बन्धित प्राविधिकले तयार गरेको तीन लाख रुपैयाँभन्दा माथिको लागत अनुमान एकतह माथिको प्राविधिकबाट चेकजाँच गराउनु पर्नेछ ।

(४) लागत अनुमानको स्वीकृत आर्थिक प्रशासन नियमावलीको नियम ११, १२ र १३ बमोजिम गर्नुपर्नेछ ।

**२५. मर्मत संभार सम्बन्धी व्यवस्था** (१) गाउँ विकास समितिबाट सञ्चालित आयोजनाहरुको मर्मत सम्भार सम्बन्धी आवश्यक व्यवस्था आयोजना तर्जुमा गर्दाकै बखत मिलाउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैंले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची- २५ बमोजिम हस्तान्तरण गरी दिगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाहरुको नियमित सञ्चालन र मर्मत सम्भारका लागि उपभोक्ता समिति, गैसस वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् । यसरी नियमित रुपमा मर्मत सम्भार नगर्ने आयोजनामा स्थानीय निकायबाट थप लगानी गरिने छैन ।

**२६. कार्यक्रम/आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका** : कार्यक्रम/आयोजनाहरु सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :-

| सि. नं. | कार्यहरु | समय तालिका |
|---|---|---|
| १. | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका निर्माण | भाद्र मसान्तभित्र |
| २. | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, वा अन्य वैकल्पिक व्यवस्थाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश | वार्षिक कार्य आयोजना अनुसार कार्तिक मसान्तभित्र |
| ३. | आयोजना सम्पन्न गर्ने अवधि : | ज्येष्ठ मसान्तभित्र |
| ४. | जाँचपास र फरफारक | आयोजना सम्पन्न भएको ३० दिनभित्र |
| ५. | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा | पुष मसान्तभित्र |

**२७. कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुपर्ने**: गाउँ विकास समितिको क्षेत्रभित्रका कार्यक्रम/आयोजनाहरु सञ्चालन तथा कार्यान्वयनमा राजनीतिक दल, सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवं सबै सरकारी एवं गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**२८. जनसहभागिता एवं लागत सहभागिता** : (१) कार्यक्रम/आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र गाउँ विकास समितिले अवलम्वन गरेको नीतिका अधीनमा रही १० प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय समाग्री) निर्धारण गर्नु पर्नेछ । तर सम्बन्धित गाउँ विकास समितिबाट सो भन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ साथै लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित गराइने छैन ।

## भाग ६
## अनुगमन एवं मूल्याङ्कन

**२९. सुपरिवेक्षण तथा अनुगमन समिति** : (१) गाउँ विकास समितिले गाउँ विकास क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम/आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि नियमावलीको नियम ६९ (१) को प्रावधान बमोजिम निर्वाचित पदाधिकारीको व्यवस्था नभएसम्म देहायबमोजिमको एक गाउँ सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ :-

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारी – संयोजक

(ख) वडा नागरीक मञ्चबाट कम्तीमा एक जना महिला सहित २ जना प्रतिनिधि -सदस्य

(ग) गाउँ विकास समितिले तोकेको विषयगत इलाका/गाउस्तरको कार्यालयको प्रमुख एक – सदस्य

(घ) प्राविधिक कर्मचारी (उपलब्ध भएसम्म) एक - सदस्य

(ङ.) गाउँ विकास समितिको सचिव वा निजले तोकेको कर्मचारी एक – सदस्य सचिव

(२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ख) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने, र

(ग) विषयगत कार्यालय, अन्य सरकारी वा गैर सरकारी क्षेत्रबाट सञ्चालित आयोजनाको समेत अनुगमन गर्ने,

(३) समितिबाट अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन प्रत्येक चौमासिक रुपमा गाउँ विकास समिति समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि एकीकृत योजना तर्जुमा समिति र गाउँ विकास समितिको वैठकमा छलफल गर्नुपर्नेछ ।

(४) अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँ विकास समितिबाट तोकिए बमोजिम हुनेछ।

(५) गाउँ विकास क्षेत्रभित्र सञ्चालित कार्यक्रम/आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँ परिषद्मा छलफल गराई सोको प्रतिवेदन जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।

(६) मन्त्रालयले गाउँ विकास समितिबाट सञ्चालित कार्यक्रम/आयोजनाको नमूनाको रुपमा केही गाउँ विकास समिति छनौट गरी सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन एवं मूल्याङ्कन गराउन सक्नेछ ।

(७) गाउँ भित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा "स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण कार्यविधि, २०६४" बमोजिम गर्नुपर्नेछ ।

**३०. आयोजना जाँचपास, फरफारक र हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) गाउँ विकास समितिले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन समेतका आधारमा ३० दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) गाउँ विकास समितिले विषयगत कार्यालय, अन्य निकाय वा संघसंस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुँझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) गाउँ विकास समितिले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्नेछ । फरफारक भएका आयोजनाहरु गाउँ परिषद्को बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) आयोजना सम्पन्न भै सकेपछि सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्थालाई हस्तान्तरण गर्न सकिनेछ र सोको अभिलेख अनुसूची- १८ बमोजिम राख्नुपर्नेछ ।

**३१. प्रगति प्रतिवेदन एवं समीक्षा सम्बन्धी व्यवस्थाः** गाउँ विकास समितिबाट सञ्चालित कार्यक्रम/आयोजनाको प्रगति प्रतिवेदन एवं समीक्षा देहाय बमोजिम हुनेछ :-

(१) गाउँ परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति जिल्ला विकास समितिको कार्यालयमा पठाउने जिम्मेवारी गाउँ विकास समितिको सचिवको हुनेछ ।

(२) गाउँ विकास समितिबाट सञ्चालित आयोजना तथा कार्यक्रमको चौमासिक र वार्षिक रुपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

(३) गाउँ विकास समितिबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अनुसूची- १९ र २० बमोजिमको वित्तीय प्रगति प्रतिवेदन तथा अनुसूची- २१ र २२ बमोजिमको भौतिक प्रगति प्रतिवेदन देहायको समयभित्र सम्बन्धित जिल्ला विकास समीतिको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(क) मासिक प्रगति प्रतिवेदन – प्रत्येक महिनाको ५ गतेभित्र

(वित्तीय प्रतिवेदन मात्र अनुसूची १ बमोजिमको अभिलेखबाट उतार गरी पठाउने)

(ख) पहिलो चौमासिक प्रतिवेदन – मंसिर ५ गतेभित्र

(ग) दोश्रो चौमासिक प्रतिवेदन – चैत्र ५ गतेभित्र

(घ) तेश्रो/वार्षिक चौमासिक प्रतिवेदन – श्रावण १० गतेभित्र

(ङ) पूँजिगत अनुदान, क्षमता विकास अनुदान र सामाजिक परिचालन अनुदानबाट सञ्चालन गरिने आयोजनाहरुको आयोजना लगत विवरण तालिका तयार भएको ७ दिन भित्र ।

(४) गाउँ विकास समितिले गाउँ विकास समिति र गाउँ परिषद्का निर्णयहरु निर्णय भएका मितिले ७ दिन भित्र सम्बन्धित जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

(५) गाउँ विकास समितिले गाउँ विकास क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रम/आयोजनाहरुको आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र एकीकृत रुपमा सूचनामूलक वार्षिक प्रतिवेदन तयार गरी सोको एकप्रति सम्बन्धित जिल्ला विकास समितिको सूचना तथा अभिलेख केन्द्रमा पठाउनु पर्नेछ ।

**३२. न्यूनतम शर्त मापन मूल्याङ्कन** : स्थानीय निकाय वित्तीय आयोगले जिल्ला विकास समिति मार्फत् गाउँ विकास समितिको न्यूनतम शर्तको मूल्याकंन गर्नेछ । यसरी मूल्यांकन गर्दा न्यूनतम शर्त पूरा नगर्ने गाउँ विकास समितिको पूँजिगत अनुदान कटौति गर्न वा रोक्का राख्न सकिनेछ ।

**३३. मूल्याङ्कन र पुरस्कार सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरुको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम तथा आयोजना सम्पन्न गरे नगरेको आधारमा जिल्ला विकास समितिले सम्पूर्ण गाउँ विकास समितिको मूल्यांकन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला विकास समितिको मूल्याङ्कन र गाउँ विकास समितिको न्यूनतम शर्त मापन समेतको परिणामको आधारमा जिल्ला विकास समितिले गाउँ विकास समितिका कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँ विकास समितिले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम गाउँ विकासको कार्यमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, संस्था वा पदाधिकारीलाई पुरस्कृत गर्न सक्नेछ ।

## भाग ७
## बजेट अख्तियारी र निकासा

**३४. अख्तियारी सम्बन्धी व्यवस्था** : गाउँ विकास समितिमा पठाइने अख्तियारी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) गाउँ विकास समिति अनुदान रकमको अख्तियारी मन्त्रालयबाट सिफारिश गरेको आधारमा अर्थ मन्त्रालयबाट स्थानीय विकास अधिकारीको नाममा जानेछ ।

(२) स्थानीय विकास अधिकारीले आफूलाई प्राप्त भएको मितिले ७ दिनभित्र गाउँ विकास समितिको सचिवलाई अख्तियारी पठाउनु पर्नेछ । अख्तियारी पठाउंदा केन्द्रबाट प्राप्त मार्गदर्शन वा शर्तहरु सहित जिल्ला विकास समितिले थप मार्गदर्शन वा शर्तहरु भए सोसमेत उल्लेख गरी पठाउनु पर्नेछ ।

(३) जिल्लास्थित विषयगत कार्यालयले विषयगत क्षेत्रको कार्यक्रम सञ्चालन गर्न गाउँ विकास समितिका सचिवलाई अख्तियारी पठाउन सक्नेछ ।

(४) नेपाल सरकारका केन्द्रीय निकायबाट स्थानीय निकायले चालू आर्थिक वर्षमा कार्यान्वयन गर्नेगरी चैत्र मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम/आयोजनाको नाममा अख्तियारी वा कुनै प्रकारको बजेट पठाइने छैन ।

(५) गाउँ विकास समितिले ज्येष्ठ मसान्तपछि कुनै नयाँ कार्यक्रम/आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न वा पेश्की दिन पाउने छैन ।

**३५. रकम निकासा प्रक्रिया** : कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समितिको अनुदान रकम सम्बन्धित गाउँ विकास समितिको कोषमा निम्न प्रक्रिया पूरा गरी स्थानीय विकास अधिकारीको सिफारिसमा सोझै निकासा पठाउनु पर्नेछ :-

(१) गाउँ विकास समितिले विनियोजित अनुदान रकम चालू र पूँजिगत खर्चमा वर्गीकरण गरी चौमासिक रुपमा निकासाको लागि जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) गाउँ विकास समितिले पूँजिगत खर्चतर्फ प्रथम चौमासिक रकम निकासा माग गर्दा देहायको विवरण तथा कागजात जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ :-

(क) **अनुसूची- २३** बमोजिमको चौमासिक निकासा मागपत्र,

(ख) **अनुसूची- २४** बमोजिमको गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र कार्यक्रम/आयोजनाको विवरण,

(ग) **अनुसूची- २१ र २५** बमोजिमको सम्पन्न र क्रमागत आयोजनाहरुको वार्षिक प्रगति विवरण,

(घ) **अनुसूची- २६ र २७** बमोजिमको पेश्की र वेरुजुको विवरण, र

(ङ) गत आर्थिक वर्ष भन्दा एकवर्ष अगाडिको अन्तिम लेखा परीक्षणको प्रतिवेदन,

(३) गाउँ विकास समितिले पुँजिगत खर्चतर्फ दोश्रो चौमासिक रकम माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात रुपमा जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(क) **अनुसूची- २६** बमोजिमको पेस्की विवरण ।

(ख) **अनुसूची- २१** बमोजिमको प्रथम चौमासिक रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

(४) गाउँ विकास समितिले पूँजिगत खर्चतर्फ तेश्रो चौमासिक रकम माग गर्दा देहायको विवरण तथा कागजात रुपमा जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(क) प्रथम चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति विवरण तथा **अनुसूची- २१** बमोजिमको चौमासिकको प्रगति प्रतिवेदन ।

(ख) **अनुसूची- २५** बमोजिमको क्रमागत आयोजनाको प्रगति विवरण ।

(ग) **अनुसूची- २६** बमोजिमको पेस्की विवरण ।

(घ) तेस्रो चौमासिक निकाशा हुनको लागि कूल पेस्कीको कम्तीमा ५० प्रतिशत पेस्की फछ्र्यौट भएको हुनुपर्नेछ ।

(ङ) गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

(५) उपर्युक्त बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले चौमासिक रकम माग गरेपछि तीन दिनभित्र स्थानीय विकास अधिकारीले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग चौमासिक रकम निकासाका लागि सिफारिस सहित माग गर्नेछन् । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले पनि चौमासिक रकम निकासा दिनुपर्नेछ ।

(६) माथिका खण्डहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने चालू खर्चको रकम स्थानीय विकास अधिकारीको सिफारिस तथा माग बमोजिम पहिलो, दोश्रो र तेश्रो चौमासिक निकासा दिनुपर्नेछ ।

## भाग ८

## कोष व्यवस्थापन

**३६. गाउँ विकास कोष** : गाउँ विकास समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् : -

(क) नेपाल सरकारबाट ऐनको दफा ६० बमोजिम प्राप्त हुने सशर्त, निःशर्त अनुदान एवं सबै प्रकारको रकमहरु ।

(ख) जिल्ला विकास समिति/नगरपालिकाबाट प्राप्त हुने निःशर्त, सशर्त अनुदान तथा कार्यक्रम बजेट रकम ।

(ग) जिल्ला विकास समितिले आफ्नो आम्दानी र राजस्व बाँडफाँडबाट उपलब्ध गराउने रकम ।

(घ) विषयगत मन्त्रालयहरुबाट सशर्त, निःशर्त अनुदान तथा कार्यक्रम बजेटको रुपमा प्राप्त हुने रकम ।

(ङ) विकास साझेदार तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट सोझै प्राप्तहुने रकम तथा कार्यक्रम बजेट ।

(च) प्राविधिक सहयोग वापत प्राप्त हुने रकम ।

(छ) निजी क्षेत्रबाट प्राप्त हुने सबैखाले रकम वा सहयोग ।

(ज) पेश्की र वेरुजु फछ्र्यौटबाट गाउँ विकास समितिलाई प्राप्त हुने रकम, र

(झ) गाउँ विकास समितिको कोषमा प्राप्त हुन आउने अन्य सबै प्रकारका स्रोतबाट प्राप्त हुने रकम ।

**३७. कोष सञ्चालन र व्यवस्थापनः** गाउँ विकास समितिको कोषको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यविधिको दफा ३७ बमोजिम प्राप्त हुन आउने रकम सरकारी कारोबार गर्ने बैंकमा 'ग' समूहको खाता खोली राख्नुपर्नेछ ।

(ख) गाउँ विकास समितिको अध्यक्ष नभएसम्म गाउँ विकास समितिको खाता निम्न बमोजिम सञ्चालन हुनेछ :-

(१) गाउँ विकास समितिको सचिव र गाउँ विकास समितिको लेखाको कर्मचारी भए दुवै जनाको संयुक्त दस्तखतबाट,

(२) खण्ड (१) बमोजिम व्यवस्था हुन नसकेमा जिल्ला विकास समितिको कार्यालयका योजना, अनुगमन तथा प्रशासकिय अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारी र सम्बन्धित गाउँ विकास समितिको सचिवको संयुक्त दस्तखतबाट ।

(ग) कोषमा प्राप्त हुने सबै रकमको स्रोत अनुसारको खाता वा सहायक खाता गाउँ विकास समितिले राख्नु पर्नेछ ।

(घ) चालू खर्च र पूँजिगत खर्चका लागि छुट्टाछुट्टै दुईवटा खाता राखी आर्थिक कारोबारको अभिलेख व्यवस्थित गर्नुपर्दछ । उक्त हिसाब मासिक रुपमा बैङ्क खातासँग मिलान गराउनु पर्नेछ ।

**३८. रकम फ्रिज सम्बन्धी व्यवस्था** : सालतमाममा खर्च नभई वाँकी रहेको रकम देहायबमोजिम गर्नुपर्नेछ :-

(क) प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा निकासा भएको सबै निःशर्त तथा सशर्त, पूँजिगत तथा चालू अनुदानबाट भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्नेछ र बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी सोको जानकारी जिल्ला विकास समितिमा दिनुपर्नेछ । फ्रिज नहुने भनि निकासा भएको रकम आर्थिक वर्षको अन्त्यमा वाँकी रहन गएमा अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी कार्यक्रम वनाई नियमानुसार खर्च गर्न सकिनेछ ।

(ख) जिल्ला विकास समितिमा खोलिएको गाउँ विकास समितिको "ख" समूहको अनुदान खातामा खर्च नभई बाँकि रहेको अनुदान रकमको अंश आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछ ।

## भाग ९

## लेखा र लेखापरीक्षण

**३९. लेखा व्यवस्थापन :**

(१) गाउँ विकास समितिले आर्थिक प्रशासन नियमावलीको नियम ३ को अधीनमा रही लेखा सिद्धान्त अनुसार लेखा राख्नुपर्नेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र तोकिएको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरी जिल्ला विकास समितिमा पेश गनुपर्नेछ ।

(३) गाउँ विकास समितिले आफ्नो लेखा अभिलेख सकभर कम्प्यूटराईज्ड लेखा प्रणालीमा राख्ने व्यवस्था मिलाउदै जानु पर्नेछ ।

**४०. लेखापरीक्षण :** (१) गाउँ विकास समितिको लेखापरीक्षण ऐनको दफा ६९ बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

(२) जिल्ला विकास समितिको आन्तरिक लेखा परिक्षण शाखाले लेखापरीक्षण कार्ययोजना बनाई कम्तीमा चौमासिक रुपमा गाउँ विकास समितिको आन्तरीक लेखा परीक्षण सम्पन्न गर्नुपर्नेछ ।

(३) लेखा परीक्षकले गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण गर्दा गाउँ विकास समितिमै बसी आवश्यकता अनुसार आयोजनाहरुको स्थलगत निरीक्षण समेत गरी गर्नुपर्नेछ ।

(४) लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा अनुसुची २८ मा उल्लिखित विषयहरुमा राय व्यक्त गरेको हुनुपर्नेछ ।

(५) गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण प्रतिवेदनलाई राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारबालाको उपस्थितिमा गाउँ विकास समितिको अध्यक्ष वा निजले तोकेको पदाधिकारीले गाउँ विकास समितिमा सार्वजनिक गर्नुपर्नेछ ।

(६) गाउँ विकास समितिले अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धित गाउँ परिषद्मा पेश गर्नुपर्नेछ ।

(७) काम भएको तर प्रमाण कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका बेरुजुलाई नियमित गराउन गाउँ परिषद्ले गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ । यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(८) गाउँ विकास समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन चित्तबुझ्दो नलागेमा सो विवरण खुलाई नेपाल चार्टड् एकाउन्टेन्ट संस्थामा लेखी पठाउन सक्नेछ र उक्त संस्थाको स्वीकृति लिई अर्को लेखापरीक्षक नियुक्ती गर्नसक्नेछ ।

(९) गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण नेपाल चार्टर एकाउन्टेन्स संस्थामा दर्ता भएको दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ तर सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीले गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण गर्न पाउने छैनन् ।

## भाग १०

## सुशासन सम्बन्धी थप व्यवस्था

**४१. उत्तरदायित्व सम्बन्धी व्यवस्था :** गाउँ विकास समितिको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेबारयुक्त बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :-

(क) "सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४," "सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५" का प्रावधान बमोजिम राजनीतिक नेतृत्व र कर्मचारीबीच कार्य जिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) कार्यालयको कार्यमा प्रत्येक कर्मचारीको कार्य जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरु अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्नुपर्नेछ ।

(घ) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरुप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न गाउँ विकास समितिले आफ्ना कर्मचारी एवं पदाधिकारीहरुलाई अभिमुखिकरण गर्नुको साथै कार्यालयको कार्यवातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(ङ) सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(च) गाउँ विकास समितिबाट सञ्चालित कार्यक्रम/आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(छ) स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवा ग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजिकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत स्थानीय निकायको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गर्ने जस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुको साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(ज) नागरिक बडापत्रमा उल्लेख भएबमोजिम सेवा प्रवाह गरे नगरेको सम्वन्धमा स्थानीय शासन तथा उत्तरदायित्व सहजिकरण संयन्त्रले समेत अनुगमन गर्न सक्नेछ ।

(झ) व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिस जस्ता विषयहरुलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(ञ) गाउँ विकास समितिको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा गाउँ विकास समिति समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(ट) गाउँ विकास समितिका कर्मचारीहरुको सम्पत्ति विवरण नियमावलीको नियम २६४घ बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोकेबमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नु पर्नेछ ।

(ठ) गाउँ विकास समितिका पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

४२. <u>पारदर्शिता सम्बन्धी व्यवस्था</u> : गाउँ विकास समितिले आफूले गरेका काम कारबाहीलाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम गर्नुपर्नेछ :-

(१) गाउँ विकास समितिले सेवाग्राहीलाई पुऱ्याउने सेवा सुविधाको बारेमा सबै विवरण उल्लेख गरी नागरिक बडापत्रको व्यवस्था गर्नुपर्नेछ ।

(२) २ लाख रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरुको विवरण सम्बन्धी सूचना पाटी अनुसूची- १६ बमोजिमको ढाँचामा सर्वसाधारणले देख्न सक्ने गरी आयोजना स्थलमा राख्नुपर्नेछ ।

(३) गाउँ विकास समितिबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस गर्ने, सार्वजनिकरण गर्ने, स्थानीय तहमा उपलव्ध भएमा वेभ साईटमा राख्ने, स्थानीय सञ्चारका माध्यम एवं एफ. एम मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्नुपर्नेछ ।

(४) गाउँ विकास समितिले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न माध्यमबाट सार्वजनीकरण गर्नुपर्नेछ । सो गरे नगरेको सम्वन्धमा सम्बन्धित जिल्ला विकास समितिले समेत अनुगमन गर्नुपर्नेछ ।

(६) गाउँ विकास समितिको वित्तीय एवं भौतिक प्रगतिबारे सर्वसाधारण एवं सरोकारवालालाई सुसूचीत गराउनको लागि गाउँ विकास समितिको कार्यालयले एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च मार्फत् आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको अनुसूची- २९ र ३० बमोजिम सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(८) गाउँ विकास समिति वडा नागरिक मञ्च समेतको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको भेलामा कम्तीमा वर्षको एकपटक सामाजिक परीक्षण गर्नुपर्नेछ । यसको स्थान र भेलाको सूचना व्यापकरुपमा प्रचार प्रसार गर्नुपर्नेछ ।

**४३. <u>वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिक्स) न्यूनीकरणसम्बन्धी व्यवस्था</u>** : गाउँ विकास समितिको संस्थागत, आर्थिक, वित्तीय सुसाशन एवं विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरु न्यूनीकरण गर्नका लागि देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(१) गाउँ विकास समितिले आफ्नो जिम्मेबारी निर्वाह गर्ने क्रममा काम कारबाही सञ्चालन गर्दा संस्थाको सर्वोपरि हितलाई ध्यानमा राखी संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि गर्नुपर्नेछ ।

(२) स्थानीय स्वायत्त शासन ऐन, नियम, प्रचलित कानुन र यस कार्यविधि विपरीत कुनै पनि कार्यक्रम/क्रियाकलाप र सेवा प्रवाह सम्बन्धी कार्य सञ्चालन गर्न पाइने छैन ।

(३) कार्यक्रम/आयोजनाहरुको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा नगर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गर्नुपर्नेछ ।

(४) नीतिगत एवं कार्यक्रम/आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचार र अख्तियारको दुरुपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(५) गाउँ विकास समितिको खरिद प्रक्रियालाई नियमित र पारदर्शी गराउनु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जबरजस्ती गर्ने जस्ता कानुन विपरीतका कार्यहरु गर्ने उपर कानून बमोजिम कडा कार्यवाही गर्नुपर्नेछ ।

(६) स्थानीय निकायको सर्वोपरि हित विपरीत ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाइने छैन ।

(७) उपभोक्ता समितिको गठन तोकिएको प्रक्रिया बमोजिम गर्नुपर्नेछ । उपभोक्ता समितिले गर्ने योजनामा व्यापक जनसहभागिता जुटाउने र योजनाबाट प्राप्त हुने प्रतिफल प्रतिको विश्वास बढाउनु पर्नेछ ।

(८) प्रत्येक आर्थिक वर्षको ज्येष्ठ मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाइने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियम भन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर गर्न वा स्थानान्तरण गर्न समेत पाइने छैन ।

(९) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने/दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने जस्ता कार्यहरू गर्न पाइने छैन ।

**४४. <u>राजनीतिक दलको जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था :</u>** गाउँ विकास समितिमा निर्वाचित प्रतिनिधिहरुको व्यवस्था नभएसम्म राजनीतिक दलका प्रतिनिधिहरुले प्रतिनिधित्व गरी गर्ने निर्णय तथा कार्यको जिम्मेबारी लिनु पर्नेछ । राजनीतिक दलका जिल्ला तह र केन्द्रीय तहले राजनीतिक दलको संयन्त्रमा रही गाउँ विकास समितिमा कार्यरत आ-आफ्ना प्रतिनिधिहरुको गुणस्तरीय सहभागीता र निर्णयको नतिजाको जबाफदेही लिनु कर्तव्य हुनेछ । दलीय संयन्त्र वा नेतृत्वमा भए गरिएका कामहरुलाई दलीय प्रतिनिधिहरुको सहभागीता र संलग्नतालाई लाभको पदधारण गरेको मानी प्रचलित कानून बमोजिम पुरस्कार र दण्डको व्यवस्था सम्बन्धित जिम्मेबार निकायबाट हुनेछ । राजनीतिक दलले गाउँ विकास समितिको दलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने प्रतिनिधि कम्तीमा एक वर्षका लागि १ जना मात्र तोक्नुपर्नेछ ।

**४५. <u>पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने</u>** : (१) देहायको अवस्थामा मन्त्रालयले स्थानीय विकास अधिकारीको सिफारिसमा गाउँ विकास समितिको पूँजिगत अनुदान कटौती वा रोक्का गर्न सक्नेछ :-

(क) यस कार्यविधिको दफा ४३ को प्रतिकूल हुनेगरी काम कारबाही गरेको प्रमाणित भएमा ।

(ख) यस कार्यविधिको दफा १२ अनुसार लगानी गर्न निषेध गरिएका विषय वा क्षेत्रमा बजेट विनियोजन वा खर्च गरेको पाईएमा ।

(ग) यस कार्यविधिमा उल्लेख भएका जिल्ला विकास समितिमा पठाउनु पर्ने प्रगति प्रतिवेदन, आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन, गाउँ विकास समिति वा परिषद्का निर्णयहरु तोकिएको समयभित्र नपठाएमा ।

(घ) प्रचलित कानूनको उल्लंघन गरेमा वा मन्त्रालय र जिल्ला विकास समितिबाट समय समयमा भएको निर्देशन पालना नगरेको पाइएमा ।

(ङ) ज्येष्ठ मसान्तपछि नयाँ आयोजना कार्यक्रममा रकम बाँडफाँड, सम्झौता, विनियोजन गरेको वा पेश्की दिने जस्ता कार्य गरेको पाइएमा ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिममा अनुदान रोक्का राख्नु पूर्व सम्बन्धित गाउँ विकास समितिसँग रोक्का राख्नु नपर्ने भए सोको चित्तबुझ्दो जवाफ माग गर्नुपर्नेछ । यसरी गाउँ विकास समितिबाट प्राप्त जवाफ र सम्बन्धित स्थानीय विकास अधिकारीको सिफारिस समेतको आधारमा मन्त्रालयले रोक्का राख्ने निर्णय गरेमा रोक्का राख्नुको कारण सहितको व्यहोरा सम्बन्धित गाउँ विकास समितिलाई लिखित रुपमा जानकारी गराउनुका साथै सार्वजनिकीकरण गर्नु पर्नेछ ।

(३) विकास साझेदार र संघसस्थाहरुबाट प्राप्त हुने सशर्त अनुदान तोकिएका शर्त बमोजिम उपयोग नगरेको पाइएमा स्थानीय विकास मन्त्रालयले कुनै एक आर्थिक वर्ष वा कार्यक्रम अवधिभर नै आंशिक वा पुरै सशर्त निःशर्त अनुदान त्यस्तो गाउँ विकास समितिलाई रोक्का गरी कार्यक्रम बन्द गर्न सक्नेछ ।

## भाग ११
## कर्मचारी सम्बन्धी व्यवस्था

**४६. प्रशासनिक कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा २४९ र २५१ को अधीनमा रही गाउँ विकास समितिले आफूलाई चाहिने कर्मचारीको किसिम, संख्या र स्तरको एकिन गरी सँगठन संरचना तयार गरी गाउँ परिषद्बाट सँगठन संरचना स्वीकृत गराएरमात्र कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(२) गाउँ विकास समितिमा लेखाको कर्मचारी नभएको अवस्थामा एक जना सहायक स्तर चौथो तह (सह लेखापाल) को दरबन्दी परिषद्बाट स्वीकृत गराई स्थायी नियुक्ती गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**४७. प्राविधिक कर्मचारी सम्बन्धी व्यवस्था :** गाउँ विकास समितिको लागि प्राविधिक कर्मचारीको व्यवस्थापन देहाय बमोजिम गर्न सकिनेछ :–

(१) गाउँ विकास समितिले गाउँ विकास समितिको कार्यालयमा प्राविधिक सहायक वा प्राविधिक कर्मचारी नभएको अवस्थामा प्राविधिक सेवाका लागि कम्तीमा असिस्टेन्ट सव ईन्जिनियर सरहको पदमा सेवा करारमा लिन सक्नेछ ।

(२) गाउँ विकास समितिको प्राविधिक कार्यलाई सहज, मितव्ययी र सरलीकरण गर्न दुई वा दुइभन्दा बढी गाउँ विकास समितिले संयुक्त रुपमा प्राविधिकको सेवा लिने व्यवस्था मिलाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गाउँ विकास समिति आफैंले प्राविधिकको व्यवस्था गर्न नसकेमा प्राविधिक सेवाका लागि जिल्ला विकास समितिमा अनुरोध गर्नुपर्नेछ र गाउँ विकास समितिले अनुरोध गरेको अवस्थामा जिल्ला विकास समितिले गाउँ विकास समिति अनुसार अलग अलग वा भौगोलिक हिसावले पायक मिल्ने दुई भन्दा बढी गाउँ विकास समितिको समूह बनाई प्राविधिक राख्ने व्यवस्था मिलाउन सक्नेछ । यसरी प्राविधिक सेवा उपलब्ध गराइएकोमा सो सम्बन्धी खर्च सम्बन्धित गाउँ विकास समितिबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँ विकास समितिको स्रोतबाट तलब भत्ता वा पारिश्रमिक व्यहोर्ने गरी जिल्ला विकास समितिमा प्राविधिक कर्मचारी नियुक्त गरिएको भए त्यस्ता कर्मचारीलाई सम्बन्धित गाउँ विकास समितिमा हस्तान्तरण गरी त्यस्ता कर्मचारीले पाउने सेवा सुविधा सम्बन्धित गाउँ विकास समितिले भुक्तानी दिनुपर्नेछ ।

(५) माथि उल्लेख भए अनुसारका प्राविधिक कर्मचारीको पारिश्रमिक/दैनिक भ्रमण भत्ता आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेजेन्सी) बाट बेहोर्नु पर्नेछ ।

**४८. कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था** : गाउँ विकास समितिको कार्यालयले गाउँ विकास समितिमा कार्यरत कर्मचारीहरुको अभिलेख मन्त्रालयले तोके बमोजिमको ढाँचामा राखी सोको एक प्रति अभिलेखको लागि जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

## भाग १२
## विविध

**४९. जिल्ला विकास समितिको भूमिका :** गाउँ विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धिमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम राख्न जिल्ला विकास समितिले देहायको व्यवस्था गर्नेछ :-

(१) यस कार्यविधि बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले सो अनुरुप गर्न गराउन सम्बन्धित गाउँ विकास समितिलाई ऐनको दफा ५० बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(२) अन्तर स्थानीय निकायमा सञ्चालन हुने कुनै कार्यक्रममा समन्वय तथा सहजीकरण गरी देखा परेका समस्या समाधान गर्ने र सुचारु रुपमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

(३) गाउँ विकास समितिमा जाने गरी सिफारिस गरिएको रकमको छुट्टाछुट्टै आम्दानी र खर्च विवरण राख्नुपर्नेछ ।

(४) यस कार्यविधि अनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(५) जिल्लाको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण रार्ख्नुपर्नेछ ।

(६) जिल्ला विकास समितिले जेष्ठ मसान्त पछि कुनै पनि कार्यक्रम/आयोजना स्वीकृत गर्ने, अख्तियारी पठाउने वा रकम निकासा दिने छैन । गाउँ विकास समितिले त्यस्तो गरेको पाइएमा आवश्यक कारवाही गर्नेछ ।

(७) गाउँ विकास समितिको आयोजना प्रक्रियामा जिल्ला तथा ईलाकास्तरका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक सहयोग पुऱ्याउनेछ ।

(८) गाउँ विकास समिति तथा ईलाका तहको मानव संशाधन विकासका लागि कार्यक्रम सञ्चालन गर्नेछ ।

(९) ऐन, नियमावली, कार्यविधि, निर्देशिकावारे गाउँ विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि अभिमुखीकरण तालिम/गोष्ठी सञ्चालन गर्नेछ ।

(१०) गाउँ विकास समितिबाट सञ्चालित कार्यक्रमहरुले राष्ट्रिय विकासका कार्यक्रमहरुमा आवद्ध भए नभएको हेरी सम्बन्धित निकायमा प्रतिवेदन गर्नेछ ।

(१२) गाउँ विकास समितिहरुबाट विवरण संकलन गरी मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको ढाँचामा वित्तीय र भौतिक प्रगति मन्त्रालय र अन्य सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(१३) गाउँ विकास समिति अनुदान कार्यक्रमको सञ्चालनमा एवं प्राथमिकता तोक्ने विषयमा विवाद श्रृजना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका विषयहरूमा जिल्ला विकास समितिले आवश्यक छानबिन गरी/गराई विवादको अन्तिम टुङ्गो लगाउनु पर्नेछ ।

(१४) अनुगमनको सिलसिलामा आयोजनामा रकम दुरुपयोग भएको वा अनुमानित लागत (लगत इष्टिमेट) अनुरुप काम नभएको देखिएमा वा प्रमाणित हुन आएमा आयोजनामा भएको दुरुपयोगको गाम्भीर्यता हेरी सुधारको लागि निर्देशन दिन, आंशिकमात्र रकम निकाशा सिफारिस गर्न वा काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछ ।

(१५) गाउँ विकास समितिले आयोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण, वातावरणीय प्रवर्द्धन पक्षलाई पर्याप्त ध्यान दिए नदिएको अनुगमन गर्नेछ ।

**५०. आयोजना कार्यान्वयन सम्बन्धी थप व्यवस्था :** मन्त्रालय वा विषयगत निकाय वा विकास साझेदार वा राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम/आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन तर यसरी कार्यान्वयन गर्दा यस कार्यविधिमा भएका मूलभूत सिद्धान्तको पालना

गर्नुको साथै गाउँ विकास विकास योजनासँग परिपूरकता कायम हुने गरी कार्यक्रम/आयोजना सञ्चालन गर्नुपर्नेछ ।

**५१. अभिमुखीकरण सम्बन्धी व्यवस्था** : जिल्ला विकास समितिले गाउँ विकास समितिसँग सम्वद्ध राजनीतिक दलका पदाधिकारी, कर्मचारी, सरोकारवालालाई यस कार्यविधिका मुख्य-मुख्य प्रावधानकाका बारेमा अभिमूखीकरण गर्नेछ ।

**५२. राजस्व अभिवृद्धि सम्बन्धी सचेतना :** गाउँ विकास समितिले आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम जिल्लापरिषद्बाट पारित गर्नु अगावै गाउँ विकास समितिको आन्तरिक आय वृद्धिका क्षेत्र, संभावना र रणनीति समेत समावेश गरी राजस्व प्रक्षेपण तथा कार्यान्वयन योजना बनाउनु पर्नेछ ।

**५३. थपघट र हेरफेर :** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**५४. खारेजी र बचाउ** : (१) यस कार्यविधिका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनु भन्दाअघि परिषद्बाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोहि अनुसार कार्यक्रम सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यस कार्यविधिका अन्य प्रावधानहरुको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) "गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६" र "गाउँ विकास समिति थप अनुदान (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम) सञ्चालन कार्यविधि, २०६६" खारेज गरिएको छ र उक्त कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधिका कुनै प्रावधानहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

❖

<u>अनुसूचीहरु</u>

**अनुसूची- ४**

**(कार्याविधिको दफा ११ (१) संग सम्बन्धित)**

**पूँजिगत लगानीका क्षेत्रगत योजना तथा कार्यक्रमहरुको विवरण**

**<u>(क) आर्थिक विकासका क्षेत्र</u>** :

(१) <u>कृषिमा आधारित</u> : कृषि, खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, विउ विजन, उन्नत प्रविधिको विस्तार, डेरी उद्यम, हाट बजार निर्माण र मेला प्रवर्द्धन, सित भण्डार, बधशाला र अन्य कृषि, पशुविकास, मत्स्य विकास तथा सहकारी सम्बन्धी क्रियाकलापहरु ।

(२) <u>गैर कृषिमा आधारित</u> : घरेलु तथा लघुउद्यम संचालन तथा व्यवस्थापन र परम्परागत सीपलाई संरक्षण गर्दै आधुनिकिरण गर्ने, जस्तै : सुधारिएको आरन, सुधारिएको चुलो आदि ।

(३) <u>सेवा क्षेत्र</u> : ग्रामीण पर्यटन प्रर्वद्धन, पर्वतारोहण, र्‍याफ्टीङ, ट्रेकिङ, वातावरणीय प्रवर्द्धन र अन्य प्राकृतिक दृष्यावलोकन आदि ।

**<u>(ख) सामाजिक विकासका क्षेत्र</u>** :

